स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नायक पल शाह अभिनित फिल्म 'मायावी'को छायाङ्कन सकिएको छ । मुस्ताङ र पोखराका विभिन्न स्थानमा छायाङ्कन गरिएको फिल्मको पहिलो चरण र दोस्रो चरण गरी करिब २ महिनामा छायाँन सकिएको हो । फिल्म दिवाकर भट्टराईको लेखन तथा निर्देशन भएको हो । फिल्मको छायाँन सकिएको अवसरमा निर्माणपक्षले केक काटेर खुसी साटेको थियो । शनिबार बिहान २ बजे फिल्मका मुख्य कलाकार र प्राविधिकहरूले इन्ड क्ल्याप गरेका थिए ।

आजको विचार...



उद्योगी...
(दुई पेजमा)

नरेश कटुवाल

कुनै बेला नेपाली फिल्ममा अभिनेता राजेश हमालको जुन खालको व्यस्तता थियो, त्यो यतिबेला दयाहाङ राईमा सरेको छ । यसैले त उनलाई 'दोस्रो राजेश हमाल' भन्न थालिएको छ । एउटै सेड्युलमा ३/४ वटा फिल्म छायांकन हुने हो भने पनि अहिले उनलाई भ्याइनभ्याइ हुनेछ । अबको एक वर्षका लागि उनको सेड्युल 'प्याक' छ । तर, पनि हप्तैपिच्छे नयाँ फिल्म साइन गरिरहेका छन् । राष्ट्रिय अवार्ड विजेता दिनेश राउतको आगामी फिल्म 'गाउँ नै रमाइलो'मा उनले अभिनय गर्न लागेका हुन् ।



❒ वर्ष २९ ❒ अंक १२५ ❒ २०८० मंसिर १७ गते आइतबार 3 December 2023, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# अपाङ्गमैत्री छैनन् पालपाका स्थानीय सरकार

**स्थानीय सरकार अपाङ्गतामैत्री नहुँदा अपाङ्गता भएका व्यक्तिका लागि सेवा लिन समस्या भएको छ ।**

**यहाँका स्थानीय तहमा यसअघि निर्माण भएका भवन र शौचालय कुनै पनि अपाङ्गतामैत्री छैनन् ।**

**राचन्द्र रायमाझी**

**पाल्पा,** मंसिर १६/आवाज उठ्न थालेको वर्षौं भइसक्दा पनि पाल्पाका स्थानीय सरकारले अपाङ्गमैत्री भौतिक संरचना अझै तयार गर्न सकेका छैनन् । स्थानीय सरकारको पहिलो पाँच वर्षे कार्यकाल सकिएर दोस्रो कार्यकालको पनि १९ महिना बितिसक्न लाग्दा पनि सरकारी सेवाहरू दृष्टिविहीन तथा अपाङ्गतामैत्री गर्ने विषयमा यहाँका स्थानीय सरकारले बेवास्ता गरेका छन् । उनीहरुले स्रोतसाधनको अभाव देखाउँदै सेवा प्रवाहमा बेवास्ता गरेका हुन् ।




जिल्लामा रहेका दुई नगरपालिका र आठ गाउँपालिका मध्ये अधिकांस स्थानीय सरकारले त अपाङ्गता भएका व्यक्तिहरूका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरे पनि भवन र शौचालयतर्फ भने ध्यानै दिएका छैनन् । स्थानीय सरकार अपाङ्गतामैत्री नहुँदा अपाङ्गता भएका व्यक्तिका लागि सेवा लिन समस्या भएको छ । यहाँका स्थानीय तहमा यसअघि निर्माण भएका भवन र शौचालय कुनै पनि अपाङ्गतामैत्री छैनन् । जसले गर्दा यी कार्यालयमा सेवा लिन पुग्ने गरेका आपाङ्गता भएका सेवाग्राहीले अन्य नागरिक सरह सेवा लिन समस्या भएको गुनासो गर्ने गरेका छन् । पालिकाहरुमा सेवा लिन जाँदा अपाङ्गता मैत्री भवन र शौचालय नहुँदा जहिले पनि अफ्ठ्यारो व्यहोर्नु परेको अपाङ्गता भएका व्यक्तिहरूको भनाइ छ । सानैमा लडेर कम्मरबाट तल दुवै खुट्टा नचल्ने तानसेन -६ की सुमित्रा कुमाल अपाङ्गता परिचय पत्र लिन तानसेन नगरपालिकामा पुगिन् । ह्वीलचियरको सहारामा हिड्नुपर्ने उनलाई दाईले बोकेर कार्यालय प्रमुखसम्म पुऱ्याए । काम सकेर बाहिर आउँदा पनि उनलाई बोकेर ल्याइयो, तर घरसम्म भने दाईले नै गाडीमा राखेर पुऱ्याए । 'दैलौमै सिंहदरबार आयो भन्छन्, सजिलै सेवा पाइन्छ भन्थे', सुमित्राले भनिन्, 'हाम्रा लागि त केही पनि आएन, नगरपालिकामा सेवा लिन जाँदा धेरै कष्ट पार गर्नुपर्छ ।' स्थानीय सरकारमा जनप्रतिनिधि आएपनि आफूहरु जस्ता अपाङ्गता भएकाहरुका लागि सहजै सेवा पाउने अवस्था नभएको उनको गुनासो छ । कार्यालयमा गएर नगर प्रमुखलाई भेट्न पनि अरुको पिठ्युँमा बुई चढेर जानुपर्ने बाध्यता रहेको सुमित्राले एनजेडीसँगको कुराकानीमा दु:खेसो पोखिन् । अपाङ्गतामैत्री भवन नहुँदा नगरपालिकामा सेवा लिन पुग्ने अपाङ्गता भएका व्यक्तिले सास्ती भोग्ने गरेका छन् ।

यस्तै, रिब्दीकोट गाउँपालिकाका-४ रानीठाटीका गकुलसिं कुंवरका पनि दुई वटै खुट्टा चल्दैनन् । ८ वर्षअघि रुखबाट लडेर उनी शारीरिक अपाङ्ग भएका थिए । उनले सरकारी सेवा लिन कार्यालयमा जाँदा होस् वा सवारी साधानमा यात्रा गर्दा धेरै समस्या झेल्नुपरेको गुनासो गर्छन् । अपाङ्गताको पीडा अपाङ्गताले नै बुझ्छन् र यसका लागि आवाज आफैंले उठाउनुपर्ने उनले बताए । कुंवरले भने, 'सम्बन्धित निकायमा बारम्बार ढोका ढक्ढकाउँदा पनि अपाङ्गतामैत्री संरचना निर्माण हुनुपर्ने र गाडीहरुमा यात्रा गर्दा सहज गरिदिनुपर्ने मागको सुनवाइ हुँदैन । बोल्न सक्नेको त केही कुरा सुनिँदैन भने निमुखाहरू अझ कति पीडित होलान् ?' अपाङ्गताका लागि पहुँचयुक्त भौतिक संरचना बनाउनुपर्छ भन्ने नियम तथा निर्णय पनि गरिन्छन् तर ती कार्यान्वयन नभई कागजमै सीमित हुने गरेको उनले बताए । उनले मानिसहरुबाटै आफुहरु अपमानित हुनुपरेको समेत गुनासो गरे । यहाँ एकदमै कम स्थानमा सार्वजनिक शौचालय छन् । अझ त्यसमाथि पनि अपाङ्गमैत्री शौचालय भेट्न त निकै मुस्किल छ । 'शौचालयकै कारण घरबाहिर निस्किनै नपरे हुन्थ्योजस्तो लाग्छ । घरबाहिर निस्किनुपर्नासाथ शौचालयको समस्यालाई सम्झन्छु' तानसेनका मनोज केसीले भने, 'सदरमुकाम तानसेनमै सार्वजनिक शौचालय भेट्नै मुस्किल छ । भेटिए पनि अपाङ्गमैत्री छैनन् । त्यसैले घर नपुन्जेलसम्म दिसापिसाब लागे रोक्ने बाहेक अन्य उपाय छैन ।' सामान्य व्यक्तिका लागि नै सार्वजनिक शौचालय भेट्टाउन मुस्किल हुने तानसेनमा अपाङ्गता भएका व्यक्तिलाई कति कष्ट हुँदो हो । तानसेन नगरपालिका मात्रै होइन यहाँका रामपुर नगरपालिका, बगनासकाली गाउँपालिका, रिब्दीकोट, रैनादेवी छहरा, तिनाउ, माथागढी, रम्भा, पूर्वखोला र निस्दी गाउँपालिकामा पनि उस्तै समस्या रहेको छ । अन्य भौतिक संरचना पनि अपाङ्गतामैत्री छैनन् ।

सीमित स्रोतसाधनबाटै सरकारी सेवा अपाङ्गतामैत्री रूपमा प्रदान गर्न सकिने भए पनि सरकारले संवेदनीशलता नदेखाएको सिर्जनशील अपाङ्ग स्वावलम्वन केन्द्र तानसेन, काजी पौवाका अध्यक्ष सन्दिप भट्टराईको भनाइ छ । 'हामीले उठाएका यी विषय बहसको मात्रै बन्नु अपाङ्गताप्रति राज्यको विभेद हो', उनले गुनासो गरे । सार्वजनिक संरचना र स्थानीय सरकार अपाङ्गतामैत्री नहुँदा सेवा लिन जाँदा अपाङ्गता भएकाहरुले सास्ती खेप्नु परेको भट्टराईले बताए । उनले स्थानीय सवलीकरण परियोजना अर्न्तगतका कार्यक्रममा नगरपालिकालाई पटक -पटक अपाङ्गतामैत्री सेवा प्रवाह गर्न आग्रह गरे पनि कार्यन्वयन नगरेको गुनासो गरे । भट्टराईले आफु कयौं पटक मेयर र उपमेयरको कार्यकक्षामा पुग्न सास्ती खेप्नु परेको समेत बताए । तानसेन नगरपालिकाकी उपप्रमुख तथा अपाङ्गता समन्वय समितिको संयोजक प्रतिक्षा गाहा सिंजालीले आफुहरुले अपाङ्गतामैत्री सेवा प्रवाह गर्न प्रयास गरिरहेको बताईन् । उनले पुराना संरचनाहरुलाई अहिले तत्काल बनाउन नसकिने तर नयाँ बन्ने संरचनाहरु अपाङ्गतामैत्री बनाउन पहल गरिएको बताईन् । उपप्रमुख सिंजालीले भनिन् 'हामीले अपाङ्गतामैत्रीका लागि नीति तथा कार्यक्रममै समावेश गरेका छौं, अपाङ्गता भएकाहरुलाई विभिन्न किसिमका सामग्री समेत दिने गरेका छौं ।' सरकारले २०६९ सालमा अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका लागू गरेको थियो । निर्देशिका लागू भएपछि बनाइएका सार्वजनिक भवनहरू र भौतिक संरचना अपाङ्गतामैत्री बनाउनु पर्ने हो तर सरकारकै मातहतका भवनहरू अपाङ्गतामैत्री छैनन् । पछिल्लो समय गाउँपालिका र नगरपालिका केन्द्र र वडा कार्यलयहरूमा भवन निर्माणको क्रममा छन्, तर उनीहरुले पनि भवन र शौचालय अपाङ्गतामैत्री बनाउने कुरामा ध्यानै दिएका छैनन् ।

## संक्षिप्त समाचार

### गोली चल्दा दुई जनाको मृत्यु



**(रासस-सिन्ह्वा)**

**लस एन्जलस,** मंसिर १६/लस भेगासमा शुक्रबार भएको गोलीकाण्डमा कम्तीमा दुई जनाको मृत्यु हुनाका साथै अन्य तीन जना घाइते भएका छन् । स्थानीय समाचार च्यानलले प्रहरीलाई उद्धृत गर्दै जनाए अनुसार स्थानीय समय साँझ ५:३४ मा गोली चलेको हो ।

प्रहरीले गोलीबारीमा मारिएका दुई जनाको चोटपटकबाट मृत्यु भएको खुलासा गरेको छ भने अन्य तीनजनालाई चोटपटक लागे पनि खतारामुक्त रहेको बताएको छ । लस भेगास महानगरीय प्रहरी विभागका प्रवक्ताले पीडितहरूलाई 'घरविहीन' व्यक्ति भएको उल्लेख गरेको छ ।

यसैबीच, एबिसी समाचार च्यानलले लस भेगासमा शुक्रबारको गोलीबारी लस एन्जलसका हालैका घटनाहरूसँग सम्बन्धित नभएको बताएको छ । सो घटनामा घरबारविहीनहरूलाई गोली हानेर मारिएको थियो र सम्भावित सिरियल किलरले लक्षित गरेको हुनसक्ने प्रक्षेपण गरिएको छ । ती तीनजना पीडितहरू फुटपाथ (गल्ली) मा एक्लै सुतिरहेका बताइएको छ । आक्रमणकारी अझै फरार छन् ।

# स्कुल बसको ठक्करबाट दुई जनाको मृत्यु

**लुम्बिनी,** मंसिर १६/रूपन्देहीको लुम्बिनीमा स्कुल बसको ठक्करबाट दुई जनाको ज्यान गएको छ । दुर्घटनामा एकजना गम्भीर घाइते भएका छन् ।

लुम्बिनी सांस्कृतिक नगरपालिका-४ महुवारी लुम्बिनी ककरहवा सडक खण्डमा शनिबार बिहान स्कुल बसको ठक्करबाट सोही ठाउँका २१ वर्षीय मोहम्मद इरसाद र १६ वर्षीया रुबिना खातुनको घटनास्थलमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक मनोहर भट्टले जानकारी दिए ।

दुर्घटनामा १७ वर्षीया अप्सना खातुनको भैरहवास्थित युनिभर्सल मेडिकल कलेजमा उपचार भइरहेको छ । सूर्यपुरास्थित सिद्धार्थ प्रतिभा बोर्डिङ स्कुलको लु १ क १७७८ न.को बसले लु ३७ प ८४८२ मोटरसाइकललाई पछाडीबाट ठक्कर दिँदा मोटरसाइकलमा सवार दुई जनाको मृत्यु भएको र एकजना घाइते भएको प्रनाउ भट्टले जानकारी दिए ।

बसको ठक्करबाट मोटरसाइकलमा सवारहरुको मृत्यु भएपछि आक्रोशित स्थानीयले स्कुलबसमा आगो लगाइदिएका छन् । बस पूर्णरुपमा क्षति भएको छ । त्यस क्षेत्रको अवस्था अहिले सामान्य बन्दै गएको पनि प्रहरीले जनाएको छ । घटनापछि बसका चालक फरार रहेको र उनको खोजी भइरहेको प्रहरीले बताएको छ । स्कुलका विद्यार्थी बोकेर भ्रमणमा जाँदै गरेको स्कुल बसले ठक्कर दिएर यस्तो घटना भएको जनाइएको छ । *-रासस*

# आज अन्तर्राष्ट्रिय अपाङ्गता दिवस मनाइँदै

**पाल्पा,** मंसिर १६/आज ३२ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवस नेपालमा पनि मनाइँदैछ । यस वर्ष 'अपाङ्गता भएका व्यक्तिहरूका लागि र तिनीहरूद्वारा नै सहश्राब्दी विकास लक्ष्य प्राप्त गर्न उद्धार र पैरवीमा एकजुट हौं' भन्ने नाराका साथ यो दिवस मनाउन लागिएको हो ।





हरेक वर्ष डिसेम्बर- ३ का दिन मनाइने अन्तर्राष्ट्रिय अपाङ्गता दिवस नेपालमा पनि विभिन्न जनचेतनामूलक तथा सिर्जनात्मक कार्यक्रम गरी मनाइँदै छ । संयुक्त राष्ट्र संघले सन् १९८१ देखि अपाङ्गता भएका व्यक्तिहरुको हक, हित र अधिकार प्राप्तिका लागि अन्तर्राष्ट्रिय रुपमै अपाङ्ग दिवस मनाउँदै आइरहेको सन्दर्भमा ३ डिसेम्बर १९९२ देखि नेपालले पनि उक्त दिवस मनाउँदै आएको हो । अपाङ्गता भएका व्यक्तिहरुले गरेको सकारात्मक र उपलब्धिमूलक कथाहरुलाई पनि आज विश्व समूदायले विभिन्न माध्यम मार्फत् अवलोकन र श्रवण गर्ने गर्दछन् भने अर्कोतर्फ अपाङ्गमैत्री समाज अनि संरचनाका लागि पैरवी पनि गरिन्छ । हरेक सरकार अनि संगठनहरुले अपाङ्गता भएकाहरूलाई प्राथमिकतामा राख्ने अनि समान वातावरण दिने प्रतिवद्धता राखेका हुन्छन् र आज त्यो वाचा गरेका कुराहरू उपलब्धिका रूपमा कति प्राप्त भए वा भएनन भन्ने समिक्षा पनि आजको दिन गर्ने गरिन्छ । समावेशी र समान समाजको परिकल्पना नै आजको टड्कारो आवश्यक्ता हो । नेपाल सरकार लगायत विभिन्न सरकारी र गैर सरकारी संस्थाहरुले अपाङ्गताका लागि धेरै परियोजना कानुनत: पैरवीहरु गरिरहेका छन् । नेपालमा अपाङ्गता भएका व्यक्तिहरुको यकिन तथ्याङ्क कति छ भनेर नेपाल सरकारलाई अवगत छैन । अपाङ्गता भएका व्यक्तिहरुको ठोस आँकडा सरकारी निकायसँग नहुँदा उनीहरुको समग्र विकासका लागि गरिने लगानी एकातिर व्यर्थ हुने गरेको छ भने अर्कोतिर उनीहरुको विकासका लागि अन्तर्राष्ट्रिय समुदायले गर्ने लगानी फिर्ता हुने गरेको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## अपाङ्गमैत्री संरचनाको खाँचो

हरेक वर्ष डिसेम्बर ३ तारिखका दिन विश्वभर अपाङ्गता भएका व्यक्तिको अन्तर्राष्ट्रिय दिवस मनाउने गरिन्छ । विगतका वर्षहरु जस्तै यस वर्ष पनि आज नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी यो दिवस मनाउन लागिएको छ । 'अपाङ्गता भएका व्यक्तिहरुका लागि र तिनीहरुद्वारा नै सहश्राब्दी विकास लक्ष्य प्राप्त गर्न उद्धार र पैरवीमा एकजुट हौं' भन्ने नाराका साथ यो दिवस मनाउन लागिएको हो । अपाङ्गता भएका व्यक्तिहरुलाई उनीहरूको हक अधिकारको सुनिश्चितता गर्न, जनमानसमा चेतना फैलाउन, उनीहरूको पहिचान, आत्मसम्मान र स्वाभिमानलाई विश्वभर उठाउन सन १९९२ देखि दिवस मनाउन थालिएको पाइन्छ । अपाङ्गता भएका व्यक्तिको अधिकारलाई विश्वव्यापी रुपमा स्थापित गर्ने प्रयास स्वरुप नेपालमा पनि सन् २०१३ बाट उक्त दिवस मनाउन थालिएको हो । यसरी दिवस मनाइरहँदा विगतको तुलनामा अपाङ्गता भएका व्यक्तिहरुप्रति केही सकारात्मक सुधार भएको देखिए पनि अझै कयौं अपाङ्गता भएका व्यक्तिहरुको पिडा उस्तै छ । शिक्षा, रोजगार दिने निकायहरु, सार्वजनिक यातायातका साधनहरु, सार्वजनिक स्थलहरु अपाङ्गता अनकूलको नहुँदा अपाङ्गता भएका व्यक्तिले दिनहुँ समस्या सामना गर्नु परेको छ । सरकारी निकायमा निःशुल्क शिक्षा दिने भने पनि विद्यालयका भौतिक संरचना अपाङ्गतामैत्री हुन सकिरहेका छैनन् ।

भौतिक संरचना अपाङ्गतामैत्री नभएको कारण धेरैजसो अपाङ्गता भएका व्यक्तिहरूले आफ्ना दैनिक क्रियाकलाप गर्न धेरै कठिनाइहरूको सामना गर्नुपरेको छ । भौतिक संरचनाकै कारण उनीहरू शिक्षा, स्वास्थ्य, रोजगारीजस्ता सेवाबाट विमुख छन् । यसको साथै बजार गएर कुनै सामग्री खरिद तथा बिक्री गर्न, यातायातका साधन प्रयोग गर्न समस्या पर्ने गरेको छ । कतिपय अपाङ्गता भएका व्यक्तिहरूले त भौतिक अवरोधकै कारण सहर/बजारमा भाडामा कोठा पाउन नसकेको अवस्था छ । अपाङ्गतामैत्री भौतिक संरचनाको अभावमा राज्यले दिने सेवा–सुविधा पनि सहज रुपमा लिन पाएका छैनन् । स्थानीय सरकारका भवनहरू समेत अपाङ्गता मैत्री छैन । आगामी दिनमा सरकारी तथा गैरसरकारी निकायहरूले भौतिक संरचना अपाङ्गतामैत्री बनाउन आवश्यक छ । अर्कोतर्फ नेपाली समाजमा अझै पनि अपाङ्गता भएकाहरुलाई पारिवारिक बोझका रुपमा तिरस्कार गरिएका र दाम्लो/सिक्रीले बाँधेर पशुवत् व्यवहार गरिएका उदाहरणहरु प्रशस्तै भेटिन्छन् । यसर्थ अपाङ्गता भएका व्यक्तिहरुलाई तिरस्कार होइन, मानव अधिकारको संरक्षण, संवर्द्धन गर्दै समाजमा सम्मानपूर्वक बाँच्ने अवसर प्रदान गर्नुको साथै अपाङ्गमैत्री भौतिक संरचनामा निर्माणमा ध्यान दिन जरुरी छ ।

### Opinion @ Social Network

राख्न सक्यौ भने एक निशानी हुँ म, यदि भुल्यौ भने एक कहानी हुँ म ।
सुखको घाम होस् या दुःखको बादल, दुवै परिस्थितिमा बर्सिने पानी हुँ म ।।
(प्रकाश ज्ञवालीको फेसबुक स्टाटस https://www.facebook.com/prakash.gyawali.)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# उद्योगी व्यवसायीका मागमा टेकेर राजनीति गर्नु गलत



**नरेश कटुवाल**

*बैंकको ब्याजदर किस्ता तिर्न नसकेर प्रेम आचार्यजस्ता व्यवसायीले दिउँसै शरीरमा आगो लगाएर आत्मदाह समेत गरे । तैपनि सरकारले व्यवसायीका माग सम्बोधन गरेन । व्यवसायीको माग केही छैन । बैंकको ब्याजदर 'सिङ्गल डिजिट' बनाउने र व्यवसाय गर्ने वातावरण सिर्जना गर्ने गरी आर्थिक र मौद्रिक नीतिमा परिमार्जन गर्नु भन्ने हो । सरकारले उद्योगी व्यवसायीको माग सम्बोधन नगरी व्यवसाय नै गर्न नसक्ने गरी बैंकको ब्याजदर १७ प्रतिशतसम्म पुग्यो । बैंकहरूले समस्यामा परेका उद्योगी व्यवसायीलाई कर्जाको ब्याज, किस्ता र ऋण तिर्न ताकेता गर्ने, पसल घर लिलामीमा राख्ने, ऋणीको नाम कालो सूचीमा राख्नेजस्ता काम गऱ्यो । बैंकको यस्तो ज्यादतीले व्यवसायीहरू व्यवसाय छाडेर पलायन र आत्महत्या गर्न बाध्य भए । उद्योगी व्यवसायीको यस्तो अवस्था हुँदा समेत सरकार मौन बस्दा उद्योगी व्यवसायीहरू बैंकको ब्याजदर घटाउन र बैंकको ज्यादतीविरुद्ध सडक आन्दोलन समेत गर्न बाध्य भए । बैंकहरूको ज्यादतीविरुद्ध नेपाल राष्ट्रिय व्यवसायी महासंघको नेतृत्वमा नौवटाभन्दा बढी व्यवसायी महासंघ र अन्य व्यवसायी संघहरू मिलेर दुई चरणको सडक आन्दोलन समेत गरे ।*

मुलुकले विगत दुई वर्षदेखि अर्थतन्त्रमा समस्या भोग्दै आइरहेको छ । कोरोना महामारीले पारेको प्रभावबाट मुलुकको अर्थतन्त्र माथि उठ्न सकेको छैन । अर्थतन्त्र मात्रै होइन, उद्योग व्यवसायमा समेत ठूलो असर पऱ्यो । उक्त असरबाट उद्योगी–व्यवसायीहरू व्यवसाय छाडेर पलायन हुन बाध्य भए । सरकारले उद्योगी व्यवसायलाई पुरानै लयमा फर्काउने नीतिगत निर्णय गर्न नसक्दा उद्योग व्यवसायले लय समाउन सकेन । व्यापार व्यवसाय नहुँदा बैंकबाट लिएको ऋण समेत तिर्न नसक्ने अवस्थामा उद्योगी व्यवसायी पुगेका छन् । व्यवसायीको समस्या समाधान गरी आर्थिक नीतिहरूमा सुधार ल्याउने काममा राज्य लाग्नुपर्नेमा मौन बस्ने काम गरिरहेको छ । उद्योगहरूमा उत्पादन ७० प्रतिशत कमी आएको छ भने बजारमा माग समेत कमी हुँदा मन्दीको अवस्था छ । सरकारले मुलुकको अर्थतन्त्र सुधारका लागि सर्वप्रथम उद्योगी व्यवसायीको माग सम्बोधन गर्नुपर्नेमा अझै सरकार विभिन्न सत्ता परिवर्तन र कुर्सीको संरक्षणमा बढी जोड दिएको छ ।

उद्योग व्यवसाय र व्यापार ठप्प हुँदा उद्योगी व्यवसायी व्यापार व्यवसाय छाडेर विदेश पलायन हुन बाध्य भएका छन् भने कतिपय साना व्यवसायी आत्महत्या गर्न बाध्य भए । बैंकको ब्याजदर किस्ता तिर्न नसकेर प्रेम आचार्यजस्ता व्यवसायीले दिउँसै शरीरमा आगो लगाएर आत्मदाह समेत गरे । तैपनि सरकारले व्यवसायीका माग सम्बोधन गरेन । व्यवसायीको माग केही छैन । बैंकको ब्याजदर 'सिङ्गल डिजिट' बनाउने र व्यवसाय गर्ने वातावरण सिर्जना गर्ने गरी आर्थिक र मौद्रिक नीतिमा परिमार्जन गर्नु भन्ने हो । सरकारले उद्योगी व्यवसायीको माग सम्बोधन नगरी व्यवसाय नै गर्न नसक्ने गरी बैंकको ब्याजदर १७ प्रतिशतसम्म पुग्यो । बैंकहरूले समस्यामा परेका उद्योगी व्यवसायीलाई कर्जाको ब्याज, किस्ता र ऋण तिर्न ताकेता गर्ने, पसल घर लिलामीमा राख्ने, ऋणीको नाम कालो सूचीमा राखनेजस्ता काम गऱ्यो । बैंकको यस्तो ज्यादतीले व्यवसायीहरू व्यवसाय छाडेर पलायन र आत्महत्या गर्न बाध्य भए । उद्योगी व्यवसायीको यस्तो अवस्था हुँदा समेत सरकार मौन बस्दा उद्योगी व्यवसायीहरू बैंकको बयाजदर घटाउन र बैंकको ज्यादतीविरुद्ध सडक आन्दोलन समेत गर्न बाध्य भए । बैंकहरूको ज्यादतीविरुद्ध नेपाल राष्ट्रिय व्यवसायी महासंघको नेतृत्वमा नौवटाभन्दा बढी व्यवसायी महासंघ र अन्य व्यवसायी संघहरू मिलेर दुई चरणको सडक आन्दोलन समेत गरे । साना र मध्यम वर्गका उद्योगी व्यवसायीले बैंकको ब्याजदर कम गर्न चरणबद्ध आन्दोलन गरेपश्चात् नेपाल उद्योग वाणिज्य महासंघ लगायत संस्था समेत सडक आन्दोलनमा आएका थिए । सबै व्यवसायी सडक आन्दोलनमा आउँदा समेत सरकारले एक वर्षसम्म उद्योगी व्यवसायीको माग सम्बोधन गर्न सकेन । अस्वाभाविक रूपमा कर्जाको ब्याज वृद्धि गर्ने र किस्ता तिर्न ताकेता तथा कालोसूचीमा राख्नेजस्ता बैंक तथा वित्तीय संस्थाको दादागिरीका कारण व्यवसायीहरू आन्दोलित हुन पुगेका हुन् । त्यसैको आडमा बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण तिर्दिनँ भन्नेजस्ता अराजक गतिविधि हुन थाले । यो अवस्था बैंक तथा वित्तीय संस्थाहरूको कारणबाटै आएका हो । तर बैंकको ऋण नै तिर्दिनँ भनेर सडक आन्दोलन गर्नु गलत हो ।

**अराजक शैलीमा प्रसाईंको आगमन**

बैंकहरूविरुद्ध कालोमोसो दल्ने र बैंकको ऋण नतिर्ने भन्दै व्यवसायीको मागलाई टेकेर एक्कासि सडकमा व्यवसायी दुर्गा प्रसाईं आए । विभिन्न माग राख्दै सरकारसँग राहत माग गरिरहेका र बैंकले ऋण तिर्न बारम्बार ताकेता गरिरहेका पीडित उद्योगी व्यवसायीले प्रसाईंको समर्थन गरे । बैंकको ब्याजदर र ऋण तिर्न नसकेका व्यवसायीहरू आन्दोलनरत रहेका बेला लघुवित्त र सहकारीको ऋणपीडितलाई समेत समेटेर समाधान खोज्ने भनेपछि प्रसाईंलाई पक्षमा भिड बढेजस्तो देखियो । त्यही भिडको आडमा व्यवसायीका मागलाई टेकेर प्रसाईंले काठमाडौंमा सडक आन्दोलन समेत गरे । उनले व्यवस्था परिवर्तनको उद्घोष समेत गरे । उद्योगी व्यवसायीलाई अहिले कुनै व्यवस्था परिवर्तनको खाँचो छैन । बैंकको ब्याजदर एक बिन्दुमा होस्, सहज रूपमा व्यापार व्यवसाय गर्न पाइयोस्, मुलुकको अर्थतन्त्रमा आएको मन्दी हटेर व्यवसायीको माग सम्बोधन होस् भन्नेमै व्यवसायी छन् । बैंकको ऋण तिर्न नसक्ने उद्योगी व्यवसायीलाई नीतिगत रूपमा सहजीकरण गरी व्यवसायबाट पलायन हुनबाट रोक्नका लागि राज्यले कदम चाल्नुपर्छ । अहिले आम उद्योगी व्यवसायीको माग यही हो, व्यवस्था परिर्वतनको होइन । लघुवित्त पीडित र सहकारी पीडितको ऋण मिनाहा गर्ने आडमा राजतन्त्र ल्याएर वर्तमान व्यवस्था परिर्वतन गर्ने खेल हुनु दुर्भाग्य हो ।

पीडितको भिडको आडमा राजनीतीकरण गरी नेता बन्न खोजेको देखिन्छ । बैंकहरूबाट साढे पाँच अर्ब ऋण लिएको भनिएका प्रसाईंसित भिड देखिएको छ । निक्षेपकर्ताले बैंकमा राखेको रकम नै प्रसाईंले कर्जाका रूपमा लिएका हुन् । प्रसाईंले बैंकलाई ऋण नतिर्ने ढिपी गरेर हिँडिरहेका छन् । आफ्नै बचत रकम फिर्ता नगर्ने बताइरहेका प्रसाईंको पक्षमा कतिपयले हुटिङ गरिरहेका छन् । यही भिडको आडमा सामाजिक, धार्मिक, सांस्कृतिक सद्भावविरुद्ध आन्दोलन भएको छ । संविधानले धर्मनिरपेक्षता स्वीकार गरेको छ तर प्रसाईं हिन्दु राज्यको वकालत गरिरहेका छन् । देशको निश्चित समुदायमाथि अनेक लाञ्छना लगाउने काम भएको छ । यो समग्र रूपमा हेर्दा व्यवसायीका लागि पनि असर पर्ने देखिएको छ । आन्दोलनका कारण शिथिल बनेको व्यापार व्यवसाय अझ शिथिल बन्ने अवस्था सिर्जना भएको छ । मुलुकका समग्र उद्योगी व्यवसायीहरू व्यवस्था परिवर्तनभन्दा पनि सही नीति र कार्यान्वयनको पक्षमा छन् ।

पछिल्लो समय भएको आन्दोलनका कतिपय माग सकारात्मक छन् तर धमिलो पानीमा माछा मार्ने कामबाहेक केही भएको छैन । सरकारसम्म आफ्ना माग पुऱ्याउन उद्योगी व्यवसायीहरू स्वयं सक्षम छन् । कोही नेता भएर अगाडि सर्न आवश्यक छैन । हरेकपटकका आन्दोलनमा उद्योगी व्यवसायी र जनताको नारा लगाउने तर सडकमा पुगेपछि राजनीति जोडेर भाषण र गतिविधि हुने गरेका छन् । लघुवित्त, सहकारीपीडित र उद्योगी व्यवसायीको मागको विषयलाई नारा बनाएर अराजक गतिविधिले उद्योगी व्यवसायीको भलो हुने देखिँदैन । यसले सामाजिक एकता र शान्ति सुरक्षामा खलल पुगेको देखिन्छ । नेता बन्नका लागि अराजक रूपमा व्यापारीलाई नंग्याउनेदेखि बैंकको ऋण नतिर्ने भन्दै भिड जम्मा गर्नु राम्रो होइन । अहिले रोजगारी, आर्थिक सुरक्षा, सुशासन नभएकाले मान्छेमा असन्तुष्टि छ । त्यसलाई उश्रृंखल तत्वले उपयोग गर्ने प्रयास गरेका छन् । मुलुकमा आर्थिक मन्दी छ । बेरोजगारी छ । महँगी छ । व्यापार, व्यवसायमा समस्या छ । सांस्कृतिक, धार्मिक, सामाजिक रूपमा एक खालको विचलन आएको छ । यस्तो बेला राज्यले विधि र विधानबाट काम गर्न नसक्दा प्रसाईं प्रवृत्तिहरूको जन्म भएको देखिन्छ । अब राज्यले साना तथा मझौला उद्योगी व्यवसायीले बैंकको ब्याज र समयमा किस्ता तिर्न नसक्नेहरुलाई केही सहुलियत दिनुपर्छ । त्यति भए मात्रै पनि उद्योगी व्यवसायीको मनोबल उच्च हुन्छ ।

राजतन्त्रको मुद्दा बोक्ने प्रसाईंबाट लघुवित्तपीडित, बैंकको ऋण र किस्ता तिर्न नसक्ने व्यवसायी र जनताले मुक्ति पाउँदैनन् । २०४२ सालमा राजतन्त्रले खुला अर्थतन्त्र र निजीकरणको नीति ल्याएर देशमा अर्थिक अराजकता आएको थियो । बैंक, सहकारी तथा लघुवित्तपीडित जनताको सहानुभूति लिएर राजतन्त्र फर्काउने प्रसाईंको द्वैध चरित्रसहितको सपना पूरा हुँदैनन् । बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण तिर्दिनुपर्दैन भन्नु अराजकता हो । वर्तमान व्यवस्थाले बोल्ने र आन्दोलन गर्ने अवसर मिलेको छ । मुलुकको अर्थतन्त्रमा सुधार गरी व्यवसायीको समस्या यही व्यवस्थाबाट सम्बोधन गरी मुलुकलाई समृद्ध बनाउन आवश्यक छ ।

*-रातोपाटी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पाः०७५–५२०३३३, ५२११७९
रामपुर अस्पतालः ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :काममा राम्रो सुरुवात हुनेछ। अन्त्यमा सोचेजस्तो नतिजा नआउन सक्छ । | **तुला** : गोप्य सूचना बाहिरिनाले काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ । |
| **बृष** : सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ । | **बृश्चिक** : मानसम्मान प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्नेछ । |
| **मिथुन** : खर्च लागे पनि लगानी बढाउने अवसर आउन सक्छ । | **धनु** : व्यापार लगायत आर्थिक लाभ हुने काममा जुट्ने समय छ । |
| **कर्कट** :दैनिक आवश्यकता पूरा हुनेछन्। भने मिहिनेतको फल प्राप्त हुनेछ । | **मकर** :शुभचिन्तकहरूले साथ दिनेछन्। लगनशीलतालेराम्रै उपलब्धि दिलाउनेछ। |
| **सिंह** :अवसरले पछ्याउनेछन् भने दिगो फाइदा हुने काममा जग बसाउने मौकाछ। | **कुम्भ** :बाहिरी काम छोडेर पनि आफन्त र परिवारलाई समय दिनुपर्ला । |
| **कन्या** : चुनौतीहरू स्वतः हट्नेछन् भने अवसर तथा सफलताले पछ्याउनेछन्। | **मीन** :विभिन्न अवसर प्राप्त भए पनि परिस्थिति सोचेजस्तो सहज नरहला । |

# कृषि

## गाउँपालिका हाँकेका पाइजाको किबी खेती



बडिगाड गाउँपालिका-५ ग्वालिचौरका ६० वर्षीय मेहरसिंह पाइजाले २०५८ सालमा काठमाडौँबाट पाँच वटा किबीका बिरुवा ल्याउनुअघि यसबारे यहाँ कमैलाई जानकारी थियो । साविक धौलागिरि अञ्चलमा पहिलो पटक किबी भित्र्याएर यसको खेती सुरु गरेका पाइजा यतिबेला भने धेरैका लागि प्रेरणाको स्रोत बनेका छन् । तत्कालीन समयमा प्रतिविरुवा रु एक हजार पाँच सयमा किवी खरिद गरेका उनले २०६४ सालमा मात्रै व्यावसायिक खेती गर्ने सोंच बनाएका थिए । उनी यतिबेला एक सय २० रोपनीमा फलफूल खेती गरिरहेका छन् । पाइजाले गतवर्ष मात्रै चार हजार केजी किवी बिक्रीबाट रु पाँच लाखभन्दा बढी आम्दानी गरेको बताए । उनले हाल चार सय किबीका विरुवाबाट व्यवसायिक खेती गरिरहेका छन् ।

कृषिमा रमाइरहेका पाइजा किसानको नेता हुँदै २०७४ सालको स्थानीय तहको निर्वाचनमा बडिगाड गाउँपालिका अध्यक्षमा निर्वाचित भए । पालिका अध्यक्षाको कार्यकाल सकिएलगत्तै उनले फेरि गाउँमा किबी खेतीमै रमाइरहेका छन् । "कृषि पेसाकै कारण मलाई धेरैले चिने, धौलागिरिका चार जिल्लामै पहिलो पटक किबी खेती भित्र्याउने मै हो", पाइजाले भने, "कृषिबाटै जिल्लामा चिनिएको थिए, गाउँपालिकाको निर्वाचनमा पालिका अध्यक्षमै निर्वाचित भएँ, सो कार्यकालमा पालिकामा किबी खेती विस्तार गरेँ ।" उनले आफू अध्यक्ष भएका बेला किसानलाई अनुदान उपलब्ध गराएको समेत बताए । "गाउँपालिका अध्यक्ष भएपछि व्यस्तता बढ्यो, गाउँमा बसाइँ कम भयो, धेरै काम पालिका केन्द्रबाट गर्नुपर्ने हुँदा किबीले अलि स्याहार पाएन", पाइजाले भने "अहिले त फुर्सद छ दिनभर किबीको स्याहार गर्न भ्याउँछु, परम्परागत कोदो, गहुँ र मकैबाली पूर्णरुपमा बन्द गरेर फलफूलमा लगानी गरेको हुँ ।" उनले हाल किबीसँगै ओखर, हलुवाबेद, सुन्तला, स्याउ, पाउलिनिया, एभोकार्डो, कागती, अनार खेतीका साथै आठ घार मौरी पनि पालन गरिरहेका छन् । पाइजाको किवी खेती देखेरै यतिबेला बागलुङका कैयन किसानले व्यावसायिक किवी खेती सुरु गरेका हुन् । गलकोट नगरपालिका-१ दुदिलाभाटीका गुमानसिंह खत्री, निसीखोला गाउँपालिका-४ का लीला घर्ती, बागलुङ नगरपालिका-८ सिगानाका अनन्तबहादुर खड्का, राजन जिसी, बागलुङ नगरपालिका-९ तित्याङका हीरा केसी र प्रेम केसी, ताराखोला गाउँपालिका-५ का नरबहादुर राना लगायत व्यावसायिक किबी खेतीमा रमाएका छन् ।

बागलुङमा झण्डै ४० हेक्टर जमिनमा व्यावसायिक किबी खेती गरिँदै आइएको सरकारी तथ्याङ्क छ । बागलुङको दुदिलाभाटीमा किबी पकेट कार्यक्रम नै सञ्चालित छ । किबी भिटामिन सी, एन्टिअक्सिडेन्ट र फाइबरको राम्रो स्रोत मानिन्छ । किबी फ्रुट भिटामिन सी र एन्टिअक्सिडेन्टको राम्रो स्रोत हो । यसलाई नेपालमा 'ठकी फल' पनि भनिन्छ । *-रासस*

## बङ्गलाचुलीमा व्यावसायिक सुन्तला खेती



दाङको बङ्गलाचुली गाउँपालिका-५ कुडुले, साकिनेलगायत गाउँमा व्यावसायिकरूपमा सुन्तला खेती गर्न थालिएको छ । जिल्लामा व्यावसायिक सुन्तला उत्पादन हुन थालेपछि किसान उत्साहित बनेका छन् । पाँच वर्षअघि रोपेका बिरुवामा सुन्तला फल्न थालेपछि खुसी लागेको बङ्गलाचुली-५ साकिनेका मेघबहादुर रावतले बताए । सुन्तला रोप्नुअघि रावतले पाखो बारीमा मकै, गहुँ, तोरीखेती गर्दै आएका थिए । पाखो बारीमा अन्नबाली राम्रो उत्पादन नहुने, भएको पनि जंगली जनावरले खाने भएपछि सुन्तला खेती गर्न थालेको उहाँको भनाइ थियो । "पाखो बारी भएकाले सिँचाइको पनि सुविधा नहुँदा अन्न खासै राम्रो हुँदैनथ्यो । सुन्तला रोपेको राम्रो फल्न थालेको छ", उनले भने ।

एकपटक रोपेको सुन्तला वर्षौंसम्म फल्ने र अन्य बालीजस्तो दुःख नहुने भएकाले सुन्तला खेतीमा लागेको स्थानीय किसान टोपबहादुर पुनले बताए । खाद्यान्न उत्पादनका हिसाबले कमजोर रहेको र फलफूलका लागि राम्रो क्षेत्र मानिएकाले सुन्तला खेती गर्न थालिएको उनको भनाइ थियो । "मकै, गहुँ लगायतका कृषि बालीभन्दा फलफूलका माध्यमबाट राम्रो आम्दानी लिन सकिने भएपछि पाँच वर्षअघि सुन्तला रोपेको थिए । अहिले फल्न थालेका छन् । फल पनि राम्रो लागेकाले आम्दानी हुने आशा छ", उनले भने । साकिनेमा सुन्तला रोप्नुअघि मौसम, कागती लगायत फलफूलले राम्रो उत्पादन दिने गरेको थियो । सबै कुराले उपयुक्त मानिएकाले यहाँ पहिलोपटक सुन्तला रोपेको बताउँदै चनी घर्तीले फल राम्रो लागेको जानकारी दिइन् ।

"यसअघि रोपिएका बोटले घरमा खान पुग्ने मात्रै हुन्थ्यो", घर्तीले भने, "८० घरधुरी रहेको यो गाउँमा ५० बढी किसानले व्यावसायिकरूपमा सुन्तला फलाउन थालेकी छिन् ।" सिङ्गो गाउँ नै दाङको पहिलो सुन्तला उत्पादन गर्ने थलोका रूपमा चिनिन थालेको उहाँको भनाइ थियो । वडा नं ५ का वडाध्यक्ष लीलाबहादुर घर्तीले स्थानीय युवाको सक्रियतामा सहकारीमार्फत पाँच वर्षयता सुन्तला खेती गर्न थालिएको बताए । रहरका लागि नभई व्यावसायिकरूपमा किसानले सुन्तला खेती गरेकाले उत्पादन बढ्दै गएको उनको भनाइ थियो । उनका अनुसार गाउँका प्रायः सबै घरका मानिसले सुन्तला खेती गरेका छन् । पहिलेदेखि नै गाउँमा अधिकांशका घरमा एक/दुईवटा बोट भएको र त्यही बोटमा राम्रो फल्ने गरेकाले उनीहरु व्यावसायिकरूपमा अघि बढेका वडाध्यक्ष घर्तीको भनाइ थियो । "सिँचाइ सुविधा नहुने भिरालो जमिनका कारण अन्य अन्नबाली खासै राम्रो हुँदैनथ्यो । सुन्तला भने राम्रो फल लाग्ने गरेको छ", उनले भने । हावापानीका हिसाबलेसमेत सुन्तलाका लागि साकिने उपयुक्त भएकाले धेरै किसान जोडिएका वडाध्यक्ष घर्तीले बताए । उनका अनुसार पहाडी कृषि सहकारी संस्थामार्फत गाउँका किसान संगठित भई व्यावसायिकरूपमा सुन्तला उत्पादनमा लागेका छन् । करिब पचास घरधुरीले व्यावसायिकरूपमा २५ हजार बढी सुन्तलाका बिरुवा रोपेका उनले जानकारी दिए ।

किसानले जिल्लामै पहिलोपटक व्यावसायिकरूपमा सुन्तला उत्पादन गरेपछि पालिकाले सुन्तलाको बजारीकरणमा सहयोग गर्ने गाउँपालिकाका अध्यक्ष तुलसीराम पुनले बताए । "जिल्लामै पहिलोपटक साकिनेमा सुन्तला उत्पादन हुन थालेको छ । यो पालिकाको गौरवको विषय पनि हो", उनले भने, "स्थानीय उत्पादनलाई ध्यानमा राख्दै बजारीकरण सहयोग गर्न पालिका तयार छ ।" सुन्तला खेतीका लागि प्राविधिक ज्ञान तथा उत्पादित वस्तुको बजारीकरण हुनसके साकिनेलाई सुन्तला पकेट क्षेत्रका रूपमा विकास गर्न सकिने किसानको भनाइ छ । *-रासस*

## दश लाख हेक्टरभन्दा बढी खेतीयोग्य जमिन बाँझै



**सरिता थारू**

नेपालमा खेतीयोग्य जमीनमध्ये करिब १० लाख ३० हजार हेक्टर क्षेत्रफल बाँझो छ । सरकारी तथ्यांक अनुसार नेपालको कुल खेतीयोग्य जग्गा ४१ लाख २१ हजार हेक्टरमध्ये हाल ३० लाख ९१ हजार हेक्टर क्षेत्रफलमा मात्रै खेती गरिन्छ । खेतीयोग्य भूमिमध्ये १० लाख ३० हेक्टर जमिन अझै बाँझो छ ।

**कसरी भयो बाँझो ?**

कृषि क्षेत्रमा लगानीअनुसार फाइदा नहुने देखिएपछि कृषि पेसाबाट पलायन हुने अवस्था बढ्दै गएको पाइएको छ । कृषिमा श्रम गर्ने युवा शक्तिको पलायन, न्यून उत्पादकत्व, कृषि उत्पादन सामग्रीको कमी, कम नाफामुखी व्यवसाय र अपेक्षित रुपमा सम्मानित पेसाका रुपमा विकसित हुन नसक्नु लगायतका कारण खेतीयोग्य जमिन बाँझो रहेको वरिष्ठ कृषि अर्थ विज्ञ डा.महादेव प्रसाद पौडेलले बताए । 'घाटाको व्यापार कस्ले गर्छ, नेपालमा कृषि क्षेत्र नाफामुखी छैन,' उनले भने, 'लागत अनुसार आम्दानी हुँदैन, यसले गर्दा खेतीपातीमा आकर्षण घट्दो छ र खेती बाँझो भएको हो ।'

देशभर व्यवसायिक भन्दा निर्वाहमुखी खेती भइरेको छ । यहाँको उत्पादनले भारतको उत्पादनसँग प्रतिस्पार्ध गर्न नसकेर बजार पाउन समस्या हुन्छ । यसले गर्दा किसानहरु निउत्साहित हुन्छन् । 'भारतबाट आउने उपजसँग स्वदेशी कृषि उपज प्रतिस्प्रर्धा गर्न सक्दैन,' उनले भने, 'कतिपय स्थानमा जंगली जनवारले खेतीपाती बारम्बार नष्ट गर्दा खेती गर्नै छोडेका छन् ।' उनका अनुसार तराई क्षेत्रको तुलनामा पहाडी क्षेत्रमा बढी जग्गा बाँझो छ । यसो हुनुमा पहाडी क्षेत्रमा तराई भन्दा कम कृषि क्षेत्रमा अवसर हुनु हो । यस्तै, गाउँ छाडेर सहरमा बस्ने प्रवृत्ति बढ्दै गएको कारणले पनि गाउँघरका जमिन बाँझो हुने अवस्थामा पुगेको छ । नेपालमा निर्वाहमुखी खेती गर्न छोड्ने र आधुनिक खेतीको पहुँच हुन नसक्दा खेत बाँझो भएको रैथाने एग्री प्रोडक्टस् नेपालका अध्यक्ष तथा कृषि अभियन्ता तिलक ढकालले बताए । उनले भने, 'गाउँघरमा पशुचौपाया पाल्न छोडियो, ट्याक्टर पुगेको छैन, यसले गर्दा पनि खेत बाँझो भएको छ ।' पहाडी र हिमाली क्षेत्रमा खेती गर्नेको संख्या घट्दै गएको छ । कृषिमा जंगली जनावरबाट हुने क्षति बढ्दो छ । ढकालका अनुसार पहिला धेरै खेती हुने भएकाले जंगली जनावरको क्षति बाँडिएर खासै बाली नोक्सान हुँदैन थियो । तर पछिल्लो समय खेती थोरै हुने भएकाले जनावरबाट हुने क्षति बढी देखिएको उनको भनाइ छ । नेपालमा खेतीयोग्य जग्गा खण्डीकृत भएकाले व्यावसायिक रुपमा खेती गर्न नसकिएकाले खेत बाँझो भएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव भोजराज सापकोटाले बताए । यसका साथै बाह्रै महिना सिँचाइ सुविधा पुग्ने ३५ प्रतिशत पनि जमिन नभएको, टेक्नोलोजीको सहयोग पुऱ्याउन कठिन, बिउबिजनको सुविधामा समस्या लगायतका कारण पनि जमिन बाँझो रहने गरेको उनको भनाइ छ । उनले उदाहरण दिँदै भने, 'म आफैँ रुपन्देहीमा केराको उत्पादन गर्दै थिएँ, उत्पादन लागत ३५ देखि ३८ रुपैयाँ प्रतिदर्जन थियो । एकदेखि दुई वर्ष यान्त्रीकरण, सिँचाइ, अन्य प्रविधि, लगायतमा गरेर उत्पादन लागत प्रतिदर्जन २४ रुपैयाँमा ल्यायौँ तर त्यही वर्ष १२ रुपैयाँ दर्जनमा भारतीय केरा आयो ।' कृषि क्षेत्रमा आकर्षण घट्नुको यस्ता कयौँ कारण रहेको उनले बताए । कृषि क्षेत्रमा स्थानीय तहदेखि विभिन्न क्षेत्रसँगको सहकार्य तथा समन्वय फितलो भएको उनको भनाइ छ ।

**बाँझो खेत कसरी सदुपयोग गर्ने ?**

गाउँ छाडेर सहरमा बस्ने प्रवृत्ति बढ्दै गएको छ । गाउँमा अवसर नभएको भन्दै जनशक्ति सहर केन्द्रित भएकाले गाउँघरका जमिन बाँझो हुने अवस्थामा पुगेको छ । गाउँघरमै कृषिबाहेक अन्य क्षेत्रबाट पनि आम्दानी हुने वातावरण मिलाएर गाउँमै जनशक्ति रोक्न सके बाँझो जमिनको सदुपयोग हुने वरिष्ठ कृषि अर्थ विज्ञ डा. पौडेलले सुझाए । उत्पादनमूलक भूमि भए पनि कतिपय क्षेत्रमा सिँचाइको पहुँच नभएर जमिन बाँझो छन्, त्यस्ता भूमिमा सिँचाइ सुविधा पुर्याउन आवश्यक रहेको उनले बताए । 'किसानलाई उत्पादनका लागि आवश्यक पर्ने बिउबिजन, मल लगायत वस्तु सहज उपलब्ध गराउनु पर्छ,' उनले भने, 'उत्पादन मात्रै नभइ बजारीकरणको व्यवस्था पनि गर्नुपर्छ ।' मुलुकमा कुन क्षेत्रमा कस्तो प्रकारको कृषि उत्पादन हुन्छ, त्यसको अभिलेखीकरण गर्न जरुरी रहेको कृषि अभियन्ता ढकालले बताए । 'विदेशबाट ल्याएका बिउ, यहाँका हावापानी सुहाउँदो नहुन सक्ला,' उनले भने, 'बाँझो खेतमा खेती विस्तारका लागि हावापानी सुहाउँदो बिउको प्रवर्द्धन गर्नुपऱ्यो ।' पालिकास्तरमा कृषि बजारको प्रवर्द्धन, व्यवस्थापन, प्रविधिको सुधार र रैथाने ब्रान्डिङ गरेमा ती खेतलाई सदुयोग गर्न सकिने कृषि अभियन्ता ढकालको भनाइ छ । बाँझो खेतको दीर्घकालीन सदुपयोगका लागि भूमिको संरचनागत समस्यालाई फुकाउँदै, यान्त्रीकरण, नयाँ टेक्नोलोजी प्रणाली बलियो बनाउनु पर्ने मन्त्रालयका सहसचिव सापकोटाले बताए । 'कृषि क्षेत्रमा भएका अनुसन्धान तथा टेक्नोलोजीहरु किसानसम्म पुऱ्याउन जरुरी छ,' उनले भने, 'जसका लागि उच्चस्तरदेखि स्थानीय तहसम्मको समन्वय हुनुपर्छ ।'

**सरकारी पहल**

कृषि जमिनलाई उपयोग गर्नका लागि सरकारी तवरबाट विभिन्न पहल भएका छन् । कृषि भूमिलाई बाँझो राख्ने प्रवृत्ति र उर्वर जग्गाको गैर कृषि प्रयोगलाई निरुत्साहित गरिने, मनासिव कारण बेगर ३ (तीन) वर्षसम्म कृषि क्षेत्रमा पर्ने जग्गा वा अन्य प्रयोजनका लागि निर्णय गराइ उपयोगमा नल्याइएको बाँझो कृषियोग्य जग्गालाई कानुन बमोजिम राज्यले प्राप्त गरी तोकिएको सार्वजनिक हितको कार्यमा लगाउन सकिने लगायत विषयलाई समावेश गरी कृषि भू-उपयोग ऐन र नियमावली ल्याइएको छ । यस्तै, खेतीयोग्य बाँझो जग्गा उपयोग गर्ने सम्बन्धी कार्यविधि छ । भूमि बैंक अवधारणा लगायत पहल भएका छन् ।


**कुन क्षेत्रमा कति भूमि ?**

भूमि उपयोगका हिसाबले नेपालमा हाल कुल भूभागको करिब २७ प्रतिशत खेतीयोग्य, ३९ दशमलव ६ प्रतिशत वन क्षेत्र, १२ प्रतिशत चरन क्षेत्र, १७ दशमलव २ प्रतिशत हिउँ तथा चट्टान क्षेत्र तथा २ दशमलव ६ प्रतिशत जलक्षेत्र छ । यी विभिन्न क्षेत्रको उचित व्यवस्थापनका लागि उपयुक्त नीतिको अभाव देखिन्छ ।

*-रातोपाटी डटकम*

**विजय पान पसल**
तानसेन-३, भगवतीटोल, पाल्पा
हामीकहाँ विभिन्न किसिमका पान पाइन्छ ।
सम्पर्कः ९८६७३५५८९६

**सन्तोष चलचित्र मन्दिरमा...**




सन्तोष चलचित्र मन्दिर तानसेनमा मंसिर १५ गतेदेखि भव्यताका साथ दैनिक ३ शो प्रदर्शन भइरहेको छ हिन्दी चलचित्र '**एनिमल**' ।
*पहिलो शो : ११:१५ बजे, दोस्रो शो : २:१५ बजे र तेश्रो सो साझ ५:१५ बजे*
*(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)*

# श्रीनगरडाँडामा सरसफाई तथा धार्मिक कार्यक्रम



**पाल्पा,** मंसिर १६/तानसेनको ऐतिहासिक एवं पर्यटकीय स्थल श्रीनगरडाँडास्थित पारिलेक बनमा सरसफाई तथा वृहत्त धार्मिक कार्यक्रम गरिएको छ । चुराकर्म ब्रतबन्ध संघ, धर्मचक्र महाविहार तानसेन र धर्मचक्र बौद्ध युवा संघ, धर्मचक्र महाविहार तानसेनको संयुक्त आयोजनामा कार्यक्रम भएको हो ।

ज्ञानमाला भजनको माध्यमबाट बुद्ध शिक्षा हासिल गर्ने/गराउने र बुद्ध धर्मको प्रचार - प्रसार गर्ने उद्देश्यले कोजाग्रत पूर्णिमादेखि संक्रिमन्हा पूर्णिमासम्म एक महिने सञ्चालित धार्मिक कार्यक्रमको शनिबार समापन गरिएको हो । कार्यक्रममा प्रमुख अतिथि महेन्द्र भन्तेबाट पञ्चशिल, बुद्ध पुजा गरिएको थियो । सो अवसरमा तानसेनमा रहेका विहार, गुल्मीको वामी टक्सारको शान्ति बुद्ध विहार, बुटवलको पद्म चैत्यविहार, नेपाल राष्ट्रिय ज्ञानमाला समिति काठमाडौं लगायतका संस्थाहरुले ज्ञानमाला भजन प्रस्तुत गरेका थिए । कार्यक्रममा विशिष्ट अतिथि तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठ, विशिष्ट नेपाल राष्ट्रिय ज्ञानमाला समितिका अध्यक्ष रमना श्रेष्ठ,बौद्ध युवा ज्ञानमाला संघ बुटवलका अध्यक्ष धिरेन्द्र मणी तुलाधर, शान्ति बुद्ध विहार गुल्मीका अध्यक्ष कृष्णकुमार बुद्धाचार्य, चुराकर्म ब्रतबन्ध संघ तानसेनका अध्यक्ष विरेन्द्रकाजी शाक्य लगायतले शुभकामना मन्तव्य राखेका थिए । संघको तर्फबाट धर्मदान तथा पुण्यानुमोदन गरिएको थियो । हरेक वर्ष पारिलेक वनलाई बौद्ध धार्मिक पर्यटकी स्थलका रुपमा जोड्ने गरी कार्यक्रम हुँदै आएको ज्ञानमाला संघ आनन्द विहार पाल्पाका अध्यक्ष उत्पल कुमार ब्रजाचार्यले बताए । बौद्ध युवा संघका अध्यक्ष बसन्तलाल ब्रजाचार्यको अध्यक्षता, महासचिव अनुराधा शाक्य ब्रजाचार्यको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# सिर्जनशील अपाङ्ग केन्द्र तानसेनको अध्यक्षमा पुनःभट्टराई



**पाल्पा,** मंसिर १६/जिल्लाको तानसेन नगरपालिका-७ काजीपौवामा रहेको सिर्जनशील अपाङ्ग स्वावलम्बन केन्द्रको अध्यक्षमा सन्दीप भट्टराई पुनः निर्विरोध निर्वाचित भएका छन् । केन्द्रको तानसेनमा भएको ११ औं साधारण सभा तथा ५ औं अधिवेशनले भट्टराईलाई अध्यक्षमा पुनः निर्वाचित गरेको हो ।

अधिवेशनले उपाध्यक्षमा प्रेमबहादुर राना, सचिव सम्राट केसी, सह-सचिव निर्मला पाण्डे (भट्टराई), कोषाध्यक्ष लक्ष्मी बिकलाई चयन गरेको निर्वाचन अधिकृत शिवप्रसाद देवकोटाले जानकारी दिए । उनका अनुसार सदस्यहरुमा शिवबहादुर पौडेल, उर्मिला बिक, जगतबहादुर बगाले, सुन्दरी गौतम रहेका छन् । यस्तै केन्द्रको कानुनी सल्लाहकारमा शिवप्रसाद देवकोटा र सल्लाहकार संयोजकमा राधेश्याम ज्ञवाली चयन भएका छन् । अधिवेशनको पाल्पा क्षेत्र नं २ का प्रतिनिधि सभा सदस्य ठाकुर प्रसादर गैरेले उद्घाटन गरेका हुन् । सभाको उद्घाटन गर्दै प्रमुख अतिथि समेत रहेका गैरेले अपाङ्गताहरुको हक अधिकारका विषयमा आफुले आवाज उठाउँदै आएको बताए । कार्यक्रममा विशिष्ट अतिथि तानसेन नगरपालिका-७ का वडा अध्यक्ष प्रदिप खनाल, युनाईटेड मिसन अस्पतालकी निर्देशक रचेल कारख, बगनासकाली गाउँपालिकाका प्रवक्ता टिकाबहादुर थापा, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल लुम्बिनी प्रदेशका सहसचिव मनोज पंगेनी लगायतले आ-आफ्ना धारणा राखेका थिए । केन्द्रका अध्यक्ष सन्दीप भट्टराईको अध्यक्षता, सचिव सम्राट केसीको सञ्चालनमा उद्घाटन शत्र कार्यक्रम भएको थियो ।


## सूचना ! सूचना !! सूचना !!!

यस मणिमुकुन्द बचत तथा ऋण सहकारी संस्थाबाट कर्जा लिई कारोवार गर्नु हुने सम्पूर्ण ऋणीहरुले नियमित रुपमा बुझाउनु पर्ने साँवा र व्याज संस्थामा बुझाउनु हुन अनुरोध गर्दछौं । यो सूचना प्राप्त भएको मितिले १५ दिन भित्र संस्थामा सम्पर्कको लागि अनुरोध गर्दछौं । अन्यथा सस्थाको नियमानुसार कानूनी कारवाही प्रक्रिया अगाडि बढाउने यसै सूचना मार्फत जानकारी गराउँदछौं ।

**श्री मणिमुकुन्द बचत तथा ऋण सहकारी सस्था लि.**
**तानसेन-३, पाल्पा**
**सम्पर्क नम्बर: ०७५-५२०७९४ र ०७५-५२२५४५**



## बिमालेख हराएको सूचना

यहि मिति २०८०/०७/१० गतेका दिन **LIC Nepal Ltd** को दिपक कण्डेलको नाममा जारी बिमा (पोलिसी) नम्बर २५०४०४६०५ को बिमालेख गुल्मीको छत्रकोटदेखि रिडीतर्फ आउँदै गर्दा हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा सम्बन्धित शाखामा जानकारी दिनुहुन अनुरोध छ ।

**नाम** : दिपक कण्डेल
**ठेगाना** : छत्रकोट-५, गुल्मी
**सम्पर्क नं.** : ९८५७०६१७९२


## खेलकुद समाचार

# पोखरा र झापा एक/एक गोलको बराबरी खेले




**काठमाडौं,** मंसिर १६/नेपाल सुपर लिग (एनएसएल) मा झापा एफसी र पोखरा थन्डर्ससँगले एक-एक गोलको बराबरी खेलेका छन् । झापाले अन्तिम समयमा गोल फर्काएर पोखरासँगको हार टारेको हो ।

खेलमा पोखराले १९ औं मिनेटमा मोसेस ग्याबहको गोलमा अग्रता लिएको थियो । तर खेलको ९० मिनेटपछि थपिएको ८ मिनेटको अन्तिम समयमा झापाका समादर ओचिलोभले गोल गरेर खेल बराबरीमा ल्याए । शनिबारको खेल बराबरीपछि झापाले एनएसएलमा एक अंक जोडेको छ । पोखराले ३ खेलबाट ५ अंक जोडेर तालिकाको दोस्रो स्थानमा उक्लिएको छ ।

पोखराले पहिलो खेलमा चितवनलाई १-० गोलले पराजित गरेको थियो भने दोस्रो खेलमा ललितपुर सिटि एफसीसँग गोलरहित बराबरी खेलेको थियो । झापा पहिलो खेलमा स्पोर्टिङ इलामसँग १-० गोलले पराजित भएको थियो । खेलको ९० औं मिनेटमा कमलबहादुर थापाले रातो कार्ड पाएपछि पोखरा १० खेलाडीमा सीमित भएको थियो । खेलको अन्तिम समयमा पोखराका प्रशिक्षक नविन न्यौपानेले पनि रातो कार्ड पाए । खेलको म्यान अफ दि म्याच पोखराका सुरजज्यू ठकुरी घोषित भए । उनले ३० हजार रुपैयाँ पुरस्कार पाए ।


## वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# चार महिनामा थपियो साढे ५७ अर्ब सार्वजनिक ऋण




**काठमाडौं,** मंसिर १६/चालु आर्थिक वर्ष २०८०/०८१ को पहिलो चौमासिक अवधिमा रू ५७ अर्ब ७१ करोडभन्दा बढी सार्वजनिक ऋण थपिएको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार गत असार मसान्तसम्ममा रू २२ खर्ब ९९ अर्ब ३५ करोड २४ लाख बराबर रहेको सार्वजनिक ऋण कात्तिक मसान्तसम्म पुग्दा रू २३ खर्ब ५७ अर्ब छ करोड नाघेको हो ।

कार्यालयको गत कात्तिक मसान्तसम्मको तथ्याङ्क अनुसार हालसम्म नेपालले तिर्न बाँकी आन्तरिक ऋण रू ११ खर्ब ८३ अर्ब ५७ करोड २१ लाख र बाह्य ऋण रू ११ खर्ब ७३ अर्ब ७९ करोड ६६ लाख रहेको छ । चालु आवको चार महिनामा सरकारले आन्तरिक ऋणको साँवाब्याज भुक्तानीमा रू ६५ अर्ब ४५ करोड ८३ लाख र बाह्य ऋणको साँवाब्याज भुक्तानीमा रू १६ अर्ब १८ करोड ६१ लाख बराबर भुक्तानी गरेको देखिएको छ । यही अवधिको ऋण प्राप्तिको अवस्था हेर्दा साउनदेखि कात्तिक मसान्तसम्ममा रू ९७ अर्ब ३१ करोड बराबर आन्तरिक ऋण र रू १५ अर्ब ८५ करोड ३० बाह्य ऋण गरी कूल एक खर्ब १३ अर्ब १६ करोड ३० लाख बराबर ऋण उठाइएको छ । चालु आवको पहिलो चौमासिक अवधिमा सरकारले गरेको पुँजीगत खर्चभन्दा सार्वजनिक ऋणको साँवा र ब्याज भुक्तानीमा गरेको खर्च करिब तीन गुणाले बढी छ ।

गत कात्तिक मसान्तसम्ममा सरकारले रू २९ अर्ब ९८ करोड ९४ लाख बराबर पुँजीगत खर्च गरेको छ । यही अवधिमा सार्वजनिक ऋणको साँवाब्याज भुक्तानीमा भने रू ८१ अर्ब ६४ करोड ४४ लाख बराबर खर्च गरेको छ । **-रासस**


मनको आवाज............


'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई